# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# न्युरोड, कास्की
# सोलार पोलहरुमा विज्ञापनको लागि Slim Light Board राख्ने सम्बन्धि
# बोलपत्र आव्हानको सूचना
## प्रथमपटक सुचना प्रकाशित मिति : २०७५।०६।२९

पोखरा महानगरपालिका क्षेत्रभित्र करिव २०८८ को संख्यामा रहेका सौर्य सोलार पोलहरुमा **Slim Light Board** मार्फत विज्ञापन शुल्क संकलन गर्ने कार्यको लागी ठेक्का बन्दोवस्त गर्नुपरेकोले सम्वन्धितहरु फर्म वा कम्पनीहरुको लागि यो सुचना प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही विज्ञापन शुल्क उठाउन चाहने फर्महरुले निम्न मिति र समय भित्र यस कार्यालयवाट टेण्डर फाराम खरिद गरी म्यादभित्र सिलवन्दी वोलपत्र दर्ता गराउन सकिनेछ । रित नपुगेको र म्याद नाघी आएको टेण्डरमाथी कुनै कारवाही गरिने छैन । प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यसै कार्यालयमा सुरक्षित रहनेछ । थप जानकारीका लागी यस कार्यालयको राजश्व प्रशासन शाखा वा फोन नं. ०६१५२०३९२ मा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

१. टेण्डर फाराम खरिद गर्ने मिति, समय र स्थान :- रजिष्ट्रर्ड फर्महरुले रु ५,०००/-(पांच हजार रुपैया फिर्ता नहुने गरि) दस्तुर बुझाई २०७५ कात्तिक २८ गतेसम्म कार्यालय समय भित्र ।

२. टेण्डर फाराम दाखिला गर्ने अन्तिम मिति : - २०७५ साल कार्तिक २९ गते दिनको १२.०० बजेसम्म यस कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

३.टेण्डर खोल्ने मिति समय र स्थान :– २०७५ साल कार्तिक २९ गते दिनको २.०० बजे, पोखरा महानगरपालिकाको कार्यालय ।

४.टेण्डर खोल्दा टेण्डरवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । तर टेण्डरवाला वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि टेण्डर खोल्ने कार्य रोकिने छैन ।

५.**Slim Light Board** को साइज आधुनिक प्रविधिको ३ फिट लम्वाई र २ फिट चौडाइको हुनु पर्नेछ ।

६. कुनै कारणवस पोलको संख्या घटवढ भएमा वा कुनै भवितव्य परेमा उल्लेखित दररेट अनुसारनै घटवढ हुनेछ ।

७.कानुनद्धारा निशेधित मदिरा, सुर्तिजन्य वस्तुहरको विज्ञापनहरु राख्न पाइने छैन ।

८.सरकारी विज्ञापन र कल्याणकारी सुचनाको लागि १५ प्रतिशत स्थान राख्नुपर्नेछ । यस्तो स्थानमा राखिने विज्ञापन महानगरपालिकाको शिफारिस वमोजिम हुनेछ ।

०९. टेण्डर दाखिला गर्दा आफ्नो कवोल गरेको रकमको ५%(पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम पोखरा महानगरपालिकाको मुक्तिनाथ विकास बैंक मा रहेको खाता नं. ०२०१०२००१७६५५६००००१ मा नगद जम्मा गरी सो के सक्कल भौचर वा नगदी रसिद, आयकर दर्ता प्रमाणपत्र एवं मु.अ.कर दर्ता प्र.प.को प्रतिलिपि, आ.व. २०७४/०७५ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, कम्तीमा ५ वर्षको वित्तिय विवरण सम्वन्धी विवरण, कम्तीमा तिनवर्षको आर्थिक कारोवारको लेखापरिक्षण प्रतिवेदन र ५ वर्षको कम्तीमा २ करोड को **Turnover** भएको खुल्ने कागजात, सम्वन्धित क्षेत्रमा कार्यगरेको अनुभवको प्रमाणपत्र टेण्डर फाराम साथ संलग्न गर्नुपर्नेछ ।

१०.स्वीकृत ठेक्का रकम पांच बर्षमा वार्षिक २ किस्ताका दरले १० किस्तामा दाखिला गर्नुपर्नेछ । सो मध्ये पहिलो किस्ता संझौता गर्नुपर्व अग्रीम दाखिला गर्नुपर्ने र बाँकी किस्ताको लागी "क" बर्गको वाणिज्य बैंकको बैंक जमानत पेश गर्नुपर्नेछ । किस्ता विवरण संझौतामा उल्लेख हुनेछ। कवोल रकम अग्रीम एकमुष्ठ दाखिला गरेमा १०% छुट दिइनेछ ।

११. सौर्य सोलारका पोलमा गरिने विज्ञापनको रकम ५ वर्षको कुल न्युनतम रकम भ्याटवाहेक रु. ५०१,५५,०००।- (अक्षरुपी पांच करोड एक लाख पचपन्न हजार) कायम गरिएको छ। **Slim Light Board** मा विज्ञापन कर प्रति बर्गफुट रु ७५।०० का दरले अलग्गै लाग्ने छ। **Slim Light Board** जडान भएपछि मात्र विज्ञापन कर लाग्ने छ।

१२.फाराम खरिद गर्ने र टेण्डर दिने अन्तिम मितिको दिनमा सार्वजनिक विदा परमा सो को भोलिपल्ट वा लगत्तै कार्यायलय खुलेको दिन र समय कायम हुनेछ।

१३. टेण्डर फाराम भर्दा अङ्क र अक्षरमा रकम भर्नुपर्नेछ । अंक र अक्षरमा रकम घटवढ भएमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा सहिछाप गर्नुपर्नेछ।

१४. टेण्डर स्वीकृत भएको मिति देखि संझौता गर्दा पहीलो किस्ता रकम दाखिला गरेपछी संझौता गरिनेछ। म्यादभित्र संझौता नगरेमा धरौटी जफत गरि नियमानुसार कारवाही अगाडी वढाइनेछ।

१५.पोखरा महानगरपालिकासंग भएको करारनामा र कार्यालयले दिएको आदेश निर्देशन अनुरुप ठेक्का संचालन गर्नुपर्नेछ। साथै आवश्यकता अनुसार सम्पुर्ण व्यवस्था सम्वन्धित व्यवसायी फर्म आफैले गर्नुपर्नेछ। यदि सोलार लाइट ठुलो खर्चहुने गरि विग्रेमा मात्र महानगरपालिकावाट आवश्यक मर्मत व्यवस्था गरिने छ।

१६.अन्य विषयहरु यस कार्यालयसँग भएको सम्झौताका शर्तहरु बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**